
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १७ गते बुधबार ❑ 2 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेश सरकारले अनुत्पादक क्षेत्रमा लगानी गर्दैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
गोरखा, १६ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले अनुत्पादक क्षेत्रमा लगानी नगर्ने बताउनुभएको छ । गोरखा नगरपालिका न्यायिक समितिको आयोजनामामंगलबारसदरमुकाममा आयोजित कार्यक्रममा उहाँले प्रदेशले प्राथमिकताका आधारमा मात्र विकास निर्माणमा लगानी गर्ने उल्लेख गर्नुभयो ।



"अनुत्पादक क्षेत्रमा बढी लगानी भयो, प्रदेशको अनुत्पादक क्षेत्रमा लगानी गर्ने नीति छैन", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "जथाभावी लगानी गरे त्यसले कहिल्यै नतिजा दिन सक्दैन ।" स्थानीय तहका जनप्रतिनिधिले योजना छनोट र प्रस्ताव गर्दा बढीभन्दा बढीले लाभ लिनसक्ने क्षेत्रमा प्राथमिकता दिएर योजना निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

मुख्यमन्त्री पाण्डेले भोट बैंक सुरक्षित गरेर तथा व्यक्तिगत स्वार्थमा केन्द्रित रहेर बजेट छुट्याउने परम्पराको गण्डकीले अन्त्य गरेको उल्लेख गर्नुभयो । "एउटै खोलामा एक किलोमिटरको फरकमा पक्की पुल चाहियो भन्दै बजेट माग्ने गरेको पाइयो", उहाँले भन्नुभयो, "नेताहरूले पनि आफ्नो फाइदा हुने ठाउँमा मात्र पुल बनाउनु पर्छ भन्दै दबाब दिने गरेका छन्, स्थानीय जनप्रतिनिधिले वास्तविक आवश्यकताको पहिचान गरेरमात्र योजना निर्माण गर्नुपर्छ ।"

मुख्यमन्त्री पाण्डेले सिँचाइ, खानेपानीलगायत कार्यालयबाट विनियोजित बजेटभन्दा बढी खर्च गरेर भुक्तानी लिने गरेको पाइएको जिकिर गर्दै त्यसको अन्त्य गरिने बताउनुभयो । "निश्चित बजेट विनियोजन भएको ठाउँमा आफूखुसी खर्च गर्ने काम बन्द गर्नुपर्छ", उहाँले भन्नुभयो ।

गोरखामा मात्र प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०८०/८१ मा झन्डै रु दुई अर्ब बराबरको बजेट विनियोजन भएको र त्यसबाट एक हजारभन्दा बढी योजना छनोटमा परेको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो । "प्रदेशका ८५ वटै स्थानीय तहमा न्यायिक समितिमार्फत हुने न्याय सम्पादनमा सयोग पुऱ्याउन कानुनी सहायक राख्ने गरी छलफल चलाएका छौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो । प्रदेश सरकारबाट छुट्याइएको बजेटबाट भएका विकास निर्माणका कामको स्थानीय तहले अनुगमन नगर्दा समस्या हुँदै आएको जिकिर गर्दै उहाँले प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा अनुगमनको प्रभावकारी व्यवस्था मिलाउन लागेको जानकारी दिनुभयो ।

## कोशी प्रदेश मुख्यमन्त्रीमा थापा नियुक्त

**रासस**
काठमाडौं, १६ साउन

कोशी प्रदेशका प्रमुख पर्शुराम खापुङ्ले कोशी प्रदेशको मुख्यमन्त्रीमानेपाली कांग्रेस प्रदेश संसदीय दलका नेता उद्धव थापालाई मंगलबार बेलुका नियुक्त गर्नुभएको छ ।

नेपालको सविधानको धारा १६८ को उपधारा(२) बमोजिम प्रदेश प्रमुख खापुङ्ले उहाँलाई मुख्यमन्त्री पदमा नियुक्त गर्नुभएको हो । प्रदेश प्रमुख खापुङ्ले नवनियुक्त मुख्यमन्त्री थापालाई बधाई तथा शुभकामना पनि दिनुभएको छ भने बुधबार बिहान १०:३० बजे मुख्यमन्त्रीले शपथ लिनु हुने कार्यक्रम तय भएको जनाइएको छ । प्रदेश प्रमुख पर्शुराम खापुङबाट मुख्यमन्त्रीको नियुक्ति पत्र प्राप्त भएपछि आज साँझ सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले सदनमा विश्वासको मतका लागि कुनै समस्या नहुने बताउनुभयो । मुख्यमन्त्री थापाले विश्वासको मतका लागि कुनै शङ्का उपशङ्का नगर्न आग्रहसमेत गर्नुभयो ।



उहाँले सभामुखले राजीनामा दिएपछि प्रदेशसभा उपसभामुखले सञ्चालन गर्ने भएकाले बहुमत सदस्यको समर्थन आफूलाई रहेको प्रष्ट पार्नुभयो । उहाँले वर्तमान गठबन्धन सरकार चार वर्ष सञ्चालन हुनेमा ढुक्क रहन र जनताको समृद्धिमा सरकारले कार्य गर्ने विश्वास व्यक्त गर्नुभयो । मुख्यमन्त्री थापाले प्रदेशमा राजनीतिक गणितका कारण अस्थिरता रहेको चर्चा गर्दै मुख्य चुनौती भनेको दलभित्र बहुमत नरहनु नै समस्या रहेको विचार राख्नुभयो । उहाँले भन्नुभयो, "प्रदेशमा नौ जना मन्त्री नियुक्त गर्ने जानकारी दिँदै मन्त्रीमा नयाँ र पुराना अनुहार रहने छन् ।"

मुख्यमन्त्री पदमा थापाका लागि नेपाली कांग्रेसका २९, नेकपा (माओवादी केन्द्र) का १३, नेकपा (एकीकृत समाजवादी) का चार र जनता समाजवादी पार्टी (जसपा) का एक जनाको समर्थनमा दाबी पेश भएको हो ।

त्रियानब्बे सदस्यीय कोशी प्रदेशसभामा मुख्यमन्त्री पदका लागि बहुमत जुटाउन न्यूनतम ४७ सदस्यको समर्थन आवश्यक पर्छ । नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापा कोशी प्रदेशमा दोस्रो पटक मुख्यमन्त्री बन्नुभएको छ । सत्ताइस दिनअघि अर्थात् असार २१ मा मुख्यमन्त्रीमा नियुक्त भए पनि उहाँलाई सर्वोच्च अदालतले साउन ११ गते बिहीबार पदमुक्त गरेको थियो । समानुपातिकबाट प्रदेशसभा सदस्य बन्नुभएका थापा प्रदेश संसदीय दलको नेता हुँदै प्रदेशको पाँचौं मुख्यमन्त्री बन्न सफल हुनुभयो । यस अर्थमा थापालाई भाग्यशाली नेताका रूपमा हेरिन थालेको छ । कोशीमा कांग्रेसबाट मुख्यमन्त्री बन्ने पहिलो व्यक्ति पनि थापा नै हुनुहुन्छ । यसअघि कोशी प्रदेशमा नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी)बाट मुख्यमन्त्री बन्नुभएको थियो ।

विसं २०१४ मङ्सिर १५ गते जन्मनुभएका थापा झापाको अर्जुनधारा नगरपालिका-७ का स्थायी बासिन्दा हुनुहुन्छ । विसं २०३२ मा नेपाली कांग्रेसको विद्यार्थी सङ्गठन नेविसङ्घको सदस्यता लिएर राजनीति सुरु गर्नुभएका थापा २०४७ सालमा अर्जुनधारा गाउँ विकास समिति सचिव हुँदै कोशी प्रदेशको मुख्यमन्त्रीसम्म बन्नुभयो ।

विसं २०४८ को नेपाली कांग्रेसको आठौँ जिल्ला अधिवेशनबाट पार्टीको २ नम्बर क्षेत्रीय सभापतिमा निर्वाचित थापा दशौं अधिवेशनसम्म आइपुग्दा जिल्ला सचिव, ११ औं अधिवेशनबाट जिल्ला उपसभापति र १२ औं अधिवशेनपछि जिल्ला सभापति हुनुभयो । उहाँले दुई कार्यकाल झापा कांग्रेसको नेतृत्व सम्हाल्नुभयो । नेपाली कांग्रेसको १२ औं महाधिवेशनमा जिल्ला सभापतिका लागि भएको निर्वाचनमा वर्तमान महामन्त्री विश्वप्रकाश शर्मालाई पराजित गर्दै उहाँ पार्टी सभापति बन्नुभएको थियो । तर १३ औं महाधिवेशनमा शर्माकै प्रस्तावमा दोस्रो कार्यकालका लागि थापा जिल्ला सभापतिमा सर्वसम्मत चुनिनुभयो । विद्यार्थी राजनीतिमा शङ्करदेव क्याम्पसमा स्ववियु सभापति लड्नुभएका थापा अखिलसँगको लफडाले चुनावै बिथोलिएपछि सभापति बन्न पाउनुभएको थिएन तर, राजनीतिलाई सधैँ केन्द्रविन्दुमा राखेर निरन्तर अघि बढ्नुभएका थापा नेपाली कांग्रेसको संसदीय दलको नेता हुँदै मुख्यमन्त्री बन्नुभएको हो ।

व्यवस्थापन सङ्कायमा स्नातकसम्मको अध्ययन गर्नुभएका थापाले यसअघि तत्कालीन जिल्ला विकास समिति झापाको संयन्त्र सदस्य भएर तीन वर्ष काम गर्नुभयो । विसं २०७० को संविधानसभाको निर्वाचनमा झापा क्षेत्र नं ४ मा उम्मेदवार बन्नुभएको थियो तर, नेकपा एमालेका उम्मेदवार प्रेम गिरीसँग उहाँ पराजित हुनुभएको थियो । पार्टीको आन्तरिक प्रतिस्पर्धामा सधैँ अब्बल रहनुभएका थापा २०७४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा झापा २ मा एमालेकै उम्मेदवार पवित्रा निरौला खरेलसँग पराजित बन्नुभयो । पार्टीको १४औं महाधिवेशनमा प्रदेश सभापतिमाविजयीबनेपछिथापालाई अवसरको ढोका खुलेको बताइएको छ ।

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**रासस**
काठमाडौं, १६ साउन

पेट्रोलियम पदार्थको मूल्य बढेको छ । नेपाल आयल निगमले मंगलबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलियम पेट्रोलमा रु नौ तथा डिजेल र मट्टितेलमा रु सात बढाएको छ । भारतबाट मूल्य बढेर आएका कारण बढाइएको आयल निगमले जनाएको छ ।

अब पेट्रोलको मूल्य प्रतिलिटर पहिलो वर्गमा रु १७०, दोस्रो वर्गमा रु १७२ र तेस्रो वर्गमा रु १७३ पुगेको छ । त्यसैगरी डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गमा रु १५०, दोस्रोमा रु १५२ र तेस्रो वर्गमा रु १५३ कायम भएको छ । एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डिर रु एक हजार छ सय ६० मा झरेको छ । एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डर रु १३० घटाएको छ ।

## कांग्रेसको प्रचार विभागको निर्देशिका परिमार्जनसहित पारित

**रासस**
काठमाडौं, १६ साउन

नेपाली कांग्रेस सूचना, सञ्चार तथा प्रचार विभागले आफने निर्देशिका, २०८० सामान्य परिमार्जनसहित सर्वसम्मतले पारित गरेको छ ।

विभागको मंगलबार बसेको बैठकले सो निर्देशिका पारित गरेको पार्टी कार्यालयले जनाएको छ । विभाग प्रमुख मीनबहादुर विश्वकर्माको अध्यक्षतामा बसेको बैठकले पुस्तकालय व्यवस्थापन तथा सञ्चालनका लागि कांग्रेस केन्द्रीय कार्यालयसँग समन्वय गर्ने निर्णय गरेको छ । यसैगरी विभागका प्रमुख एवं सदस्यबीच सूचना प्रविधिसम्बन्धी पुनर्ताजगी कार्यक्रम गर्ने र सोको मिति, समय र स्थान प्रमुखले तोक्ने तथा नियमन तथा व्यवस्थापन गर्ने उद्देश्यले पार्टीका यस विभागको सबै तहका समितिलाई केन्द्रीय कार्यालयको जस्तै फेसबुक एकाउण्ट खोल्न आग्रह गर्ने निर्णय गरेको छ ।

यसैगरी बैठकले लोकतन्त्रमा आस्था राख्ने सञ्चार गृह र सञ्चारकर्मीको विवरण प्रेस युनियनसँग समन्वय गरी सङ्कलन गर्ने निर्णय गरेको पार्टी कार्यालयले जनाएको छ ।

## पोखरा इन्जिनियरिङ कलेजमा विदाइ कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

पोखरा इञ्जिनियरिङ कलेज (पीईसी)मा विद्यार्थी बिदाई तथा सम्मान कार्यक्रम मंगलबार सम्पन्न भएको छ ।

पोखरा- ८ फिर्केस्थित पोखरा इञ्जिनियरिङ कलेजले चार वर्षे विई सिभिल, बिई कम्प्युटर र पाँच वर्षे बि आर्किटेक्चर विषयको अध्ययन पुरा गरेका विद्यार्थीहरुको विदाई तथा उत्कृष्ट विद्यार्थी सम्मान गरेको हो ।



कार्यक्रममा कलेजका नवनियुक्त प्रिन्सिपल ई सोम गुरुङ, प्रशासन प्रमुख चिजकाजी गुरुङ, कम्प्युटर विभाग प्रमुख ई सुरज बसन्त तुलाचन, अतिरिक्त क्रियाकलाप संयोजक ई। प्रविण श्रेष्ठ लगायतले टिका, खादा र मायोको चिनोद्वारा विद्यार्थीहरुलाई बिदाई तथा सम्मान गरेका थिए । बिदाई गरिएका उनीहरु सिभिल र कम्प्युटर इञ्जिनियरिङतर्फ १७ औं व्याच हुन् भने पाँच वर्षे बि। आर्किटेक्चरका पहिलो ब्याचका विद्यार्थी रहेको कलेजले जनाएको छ । साथै सो अबसरमा कलेजबाट विभिन्न सेमेस्टरमा उत्कृष्ट तथा गत सेमेष्टरमा ४-४ एस जिपिए ल्याउन सफल ९ जना विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको छ । कार्यक्रममा बोल्दै कलेजका नवनियुक्त प्रिन्सिपल ई सोम गुरुङले विद्यार्थीहरुको उज्जवल भविष्यको कामना गर्दै अबका दिनहरुमा अवसरका ढोकाहरु खुल्दै जाने बताए । उनले प्राप्त उपलब्धीलाई जिम्मेवारीपूर्ण ढंगले सम्पादन गर्न आग्रह गरे । स्वतन्त्र विद्यार्थी परिषदका सभापति बिराट सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा प्रशासन प्रमुख चिजकाजी गुरुङ, कम्प्युटर विभाग प्रमुख ई सुरज बसन्त तुलाचन, अतिरिक्त कृयाकलाप संयोजक ई प्रविण श्रेष्ठ लगायतले मार्गनिर्देशनात्मक भनाईहरु राखेका थिए । कार्यक्रममा विद्यार्थीहरु सुभाष अचार्य, प्रभात रेग्मी, पवन लम्साल, सरोज पौडेल, कृति न्यौपाने, उषा किरण भण्डारी, आशिस पाण्डे, अग्रता शर्मा लगायतले कलेजले पठनपाठनमा पुर्याएको सेवा सुविधाको बारेमा बोलेका थिए ।

कलेजबाट हालसम्म एक हजार दुई सय बढी इञ्जिनियर उत्पादन भइसकेको कलेजका प्रशासन प्रमुख चिजकाजी गुरुङले जानकारी दिए ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# व्यासमा खरको छानो विस्थापित अभियान

**पोखरापत्र संवाददाता**
दमौली, १६ साउन

तनहुँको व्यास नगरपालिका-१३ निवासी फूलमाया विकको घर वर्षौंदेखि खरले छाएको थियो। दुङ्गामाटोले बनेको घर र छानो खरको हुँदा वर्षायाममा पानी चुहिने समस्या उत्तिकै थियो । अझ आगलागीको जोखिम पनि त्यत्तिकै थियो।

उहाँको घरको छानो अहिले खरले नभई जस्तापाताले छाइएको छ। व्यास नगरपालिकाको खरको छानो विस्थापन योजनाअनुसार छानो फेरिएको हो । उहाँले भन्नुभयो,"अब आगलागी हुने जोखिम र पानी चुहिने समस्या हुँदैन ।" नगरपालिकाले खरको छाना विस्थापित गरी विपन्नका घरमा जस्तापाता लगाउने कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । जस्तापाताले घर छाउन नसकेका परिवारलाई नगरपालिकाले सहयोग गरेको छ। नगरपालिकाले गत आर्थिक वर्ष २०७९/८० मा ६८ अतिविपन्न परिवारको घरमा जस्तापाताले छाउने कार्यक्रम सम्पन्न गरेको नगरपालिकाको घर नक्सा शाखाका प्रमुख अमृत केसीले जानकारी दिनुभयो।

रु ५१ लाखको लागतमा जस्तापाता लगाइएको छ । नगरपालिकाले प्रतिघर रु ७५ हजारमा छानो फेरिदिएको छ । तनहुँ क्षेत्र नं १ अन्तर्गत नगरपालिकाले वडा नं ५ र ६ बाहेक अन्य वडामा खरको छाना विस्थापित गरी घरमा जस्तापाता लगाउने गरेको छ। जसअन्तर्गत व्यास-१ मा सात, व्यास-४ मा एक, व्यास-७ मा सात, व्यास-८ मा तीन, व्यास-९ मा चार, व्यास-१० मा १७, व्यास-११ मा तीन, व्यास-१२ मा छ, व्यास-१३ मा तीन र व्यास-१४ मा आठ घरमा जस्तापाता लगाएको छ। यसैगरी नगरपालिकाले विपन्न वर्गले पक्की घर बनाउँदा निःशुल्करूपमा नक्सा निर्माण गरिदिन थालेको छ । नगरपालिकाको घर नक्सा निर्माण शाखाले नागरिकको आर्थिक समस्यालाई मध्यनजर गर्दै विपन्न वर्गलाई नक्सा पास निःशुल्क गर्ने कामको सुरुआत गरेको हो । विपन्न वर्गलाई केही सहज बनाउन र पक्की घर बनाउनेतर्फ आकर्षित गर्ने उद्देश्यले घर बनाउँदा निःशुल्करूपमा नक्सा निर्माण गर्ने गरेको शाखाका सहायक इन्जिनियर सञ्जय तिमिल्सेनाले जानकारी दिनुभयो।

निःशुल्क नक्सा कार्यक्रमअन्तर्गत वडामार्फत विपन्न वर्गले घर बनाउन सिफारिस लिएर आएको खण्डमा निःशुल्करूपमा नक्सा निर्माण गर्ने गरेको उहाँको भनाइ छ । अहिलेसम्म उक्त कार्यक्रममार्फत पाँच जनाले निःशुल्करूपमा घरको नक्सापास गरी घर निर्माण गरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वडामार्फत विपन्न वर्गले सिफारिस लिएर आएपछि हामीले उहाँहरूले चाहेको अनुसार नक्सा निःशुल्करूपमा बनाउने गरेका छौं ।" दुई, तीन र चारकोठे घरका लागि विभिन्न आठवटा 'मोडल' रहेको उहाँले बताउनुभयो । कतिपय नागरिकहरूले नक्सा बनाउन खर्च धेरै भएका कारण कच्ची घरमै बस्नुपर्ने बाध्यताको अन्त्य गर्नका लागि पनि नगरपालिकाले नक्सा निर्माण निःशुल्क गरिदिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । उहाँले विभिन्न परामर्शदाताले महँगो शुल्कमा घरको 'डिजाइन' बनाइदिने गुनासोलाई सम्बोधन गर्दै नगरपालिकाले विपन्न वर्गको घरको नक्सा डिजाइन गरिदिने बताउनुभयो । नगरपालिकाका घर नक्सा शाखाका प्रमुख अमित केसीले घरको नक्सा निर्माणका लागि प्राविधिकलाई खटाएको बताउनुभयो।



फेवाताल : वर्षातपछि मंगलबार खुलेको मौसममा देखिएको पोखरास्थित फेवाताल।
तस्बिरः रामबहादुर थापा/रासस

# निजी लगानीका विद्यालयलाई गुठीमा रुपान्तरणका लागि शिक्षा विधेयकमा प्रस्ताव

**रासस**
काठमाडौं, १६ साउन

नेपाल सरकारले सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा निजी लगानीका विद्यालयलाई सार्वजनिक गुठीमा रुपान्तरण गर्न प्रोत्साहन गरिएको छ।

मंगलबारको मन्त्रिपरिषद् बाट पारित सो विधेयकमा 'ऐन प्रारम्भ भएपछि निजी लगानीको विद्यालय शैक्षिक गुठीअन्तर्गत स्थापना र सञ्चालन हुन सक्ने' उल्लेख भएको जनाइएको छ। "ऐन प्रारम्भ हुनुभन्दा अघि प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भएका विद्यालय सार्वजनिक वा निजी गुठीको रुपमा र निजी गुठीको रुपमा स्थापना भई सञ्चालनमा रहेका विद्यालयलाई सार्वजनिक शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ।" राससलाई प्राप्त विधेयकको मस्यौदामा उल्लेख छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले मन्त्रिपरिषद्बाट पारित भएको विधेयकको मस्यौदा सदनमा पुगेपछि जानकारी हुने उल्लेख गर्दै मन्त्रालयले मस्यौदा तयार गर्दा विद्यालय शिक्षाको स्थापना र सञ्चालन संविधान बमोजिम स्थानीय तहमा कायम गर्ने लगायत विषयलाई स्पष्ट गरिएको बताउनुभयो। विधेयकमा शिक्षकको सेवा सुविधा निजामती सरह र विद्यालय कर्मचारीलाई दरबन्दीमा प्रस्ताव गरिएको छ।

शैक्षिक गुठीको रुपमा रुपान्तरण गर्नुअघि त्यस्तो संस्थागत विद्यालयले दायित्व फरफारक गर्नुपर्ने, सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुन चाहाने विद्यालयलाई प्रोत्साहन गर्न आवश्यक छुट तथा सुविधा दिन सकिने, सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने, सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्थानीय तहमा दर्ता गरी सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने भनिएको छ । प्रवक्ता शर्माले संविधानको तीन तहको अधिकार र व्याख्या गरी शिक्षा क्षेत्रमा विद्यालय शिक्षा ऐन, उच्चशिक्षासम्बन्धी छाता ऐन र प्राविधि शिक्षासम्बन्धी ऐन हुनुपर्ने भन्ने मान्यताका आधारमा यो विधेयक प्रस्ताव गरिएको बताउनुभयो। विधेयकले संविधानका एकल अधिकार, साझा अधिकारका अनुसूचीका विषय खुलाइएको छ भने शिक्षक सेवा आयोगको कार्यसंरचना, विद्यालय शिक्षकको सेवा शर्त सुविधा निजामति, विद्यालय कर्मचारीको समस्या हल गरिएको छ। हाल शिक्षा ऐन (२०२८), शिक्षक सेवा आयोग ऐन र अनिवार्य निःशुल्क शिक्षा ऐन, २०७५ कार्यान्वयनमा रहेको छ।

# सुन्दरकुमार थकाली र हुम तमुलाई कञ्चन पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीद्वारा सञ्चालित 'कञ्चन पत्रकारिता पुरस्कार-२०८०' हुमबहादुर तमु (कास्की) र सुन्दरकुमार थकाली (मुस्ताङ) लाई प्रदान गरिने भएको छ।

प्रतिभा छनोट समितिले गरेको सिफारिसअनुसार फोनिज गण्डकीको मंगलबारको बैठकले तमु र थकालीको नाम अनुमोदन गरेको अध्यक्ष रुद्र श्रीस मगरले जानकारी दिए। पुरस्कार राशि जनही २५ हजार र सम्मानपत्र छ । वरिष्ठ अधिवक्ता तथा फोनिज गण्डकीका प्रमुख सल्लाहकार सुरेन्द्र थापामगरको संयोजकत्वमा रहेको प्रतिभा छनोट समितिले नाम सिफारिस गरेको हो। समितिको सदस्यमा फोनिज गण्डकीका इन्चार्ज पत्रकार एमबी आस्था मगर, सल्लाहकार शान्ति गुरुङ तथा रुद्र श्रीस मगर र धनबहादुर गुरुङ थिए।

पुरस्कृत हुने तमु पोखराबाट प्रकाशित हुने कास्की आवाज दैनिकका प्रधानसम्पादक हुन्। थकाली अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक र समाधान दैनिकका लागि मुस्ताङका संवाददाता हुन् । उनीहरुलाई साउन २७ गते पोखरामा सम्मान समारोह आयोजना गरी पुरस्कृत गरिनेछ । पोखराका प्रतिष्ठित व्यवसायी विमलमान गुभाजु र उनका परिवारले आफ्ना स्व. बावुआमा वेदमान गुभाजु र नेत्रकुमारी गुभाजुको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन्। गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशील २ पत्रकारलाई हरेक वर्ष यो पुरस्कार प्रदान गरिँदै आएको छ । यसअघि कास्कीका रुद्रबहादुर थापा, शान्ति गुरुङ, उदयबहादुर अमात्य, बागलुङका राजेशचन्द्र राजभण्डारी, नवलपुरका केबी राना र लमजुङका आश गुरुङलाई यो पुरस्कार अर्पण गरिसकिएको छ।

# २४ खेलाडी छानिए

**रासस**
काठमाडौं, १६ साउन

नेपाल क्रिकेट सङ्घ (क्यान)ले आइसिसी महिला टी-ट्वान्टी विश्वकपको एसिया छनोट प्रतियोगिताका लागि मंगलबार २४ खेलाडी छनोट गरेको छ।

मलेसियामा आयोजना हुने उक्त प्रतियोगितामा रुविना क्षेत्रीको कप्तानीमा क्यानले २४ खेलाडी छनोट गर्दै बन्द प्रशिक्षणमा बोलाएको हो। विश्वकपको एसिया छनोट आगामी अगष्ट २८ देखि सेप्टेम्बर ६ तारिखसम्म हुनेछ । एशिया छनोटमा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जसमा नेपाल समूह 'ए' मा छ । नेपालको समूहमा आयोजक मलेसियासँगै भुटान, बहराइन, कतार र संयुक्त अरब इमिरेट्स (युएई) छन्। यसैगरी समूह 'बी' मा कुवेत, चीन, हङकङ, म्यान्मार र थाइल्याण्ड छन्। नेपाली टोलीका लागि छनोट हुनेमा नेपाली टोलीकी कप्तान रुविनासहित सीता रानामगर, इन्दु बर्मा, अप्सरी बेगम, कविता कुँवर, कविता जोशी, अस्मिना कर्माचार्य, ईश्वरी विष्ट, कृतिका मरासिनी, बिन्दु रावल, नेरी थापा, काजोल श्रेष्ठ र सम्झना खड्का छन् । त्यसैगरी सरस्वती चौधरी, स्नेहा महरा, सृष्टि जैशी, कञ्चन श्रेष्ठ, रोमा थापा, सवनम राई, पूजा महतो, खुसी डङ्गोल, मनिषा चौधरी, ज्योति पाण्डे र रुवि पोडार पनि छनोटमा परेका छन्।

# देश र जनताको निम्ति नेताहरु इमान्दार बन्नुपर्छ : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, १६ साउन

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देश बनाउने सवालमा नेता इमान्दार बन्नुपर्ने बताउनुभएको छ।

अनेरास्ववियू काठमाडौं जिल्ला कमिटीद्वारा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले पछिल्लो समयमा राजनीतिक दलका शीर्ष नेताहरु नै देशप्रति इमान्दार नभएको भन्दै देश र जनतालाई साक्षी राखेर इमान्दारिता कायम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "देशमा धेरै समस्या छन्, धेरै समस्यामध्ये पहिलो मसस्या भनेको बन्नुपर्ने जति इमान्दार भएका छैनौं, देश बनाउने भावनाले ओतप्रोत भएका छैनौं, देश र जनातालाई केन्द्रविन्दुमा राखेका छैनौं, हाम्रो सम्मानमा कुनै ठेस लाग्ने काम भयो भने, नेपालीलाई त्यो स्वीकार्य हुँदैन ।" राजनीतिक दलका नेताहरु जनताप्रति जवाफदेही हुने र देशप्रति इमान्दार हुनेभन्दा पनि व्यक्तिगत स्वार्थमा केन्द्रित हुने गरेको पूर्वप्रधानमन्त्री नेपालको भनाइ छ। उहाँले पटकपटकको सङ्घर्ष र बलिदानबाट देशमा प्राप्त उपलब्धिमाथि कुठाराघात हुने खतरा बढ्दै गएको भन्दै त्यसलाई जोगाउनका निम्ति देशप्रेमी जनता एकजुट हुनुपर्नेमा जोड दिनुभयो।

**डेंगीबाट बच्ने उपायहरू:**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# कांग्रेसको लागि कोशीका सभामुखको बद्नाम

पदीय मर्यादा राख्न नसक्ने र नैतिक धरातल नभएको व्यक्तिलाई सभामुख बनाउँदा प्रणाली नै बद्नाम भएको छ। सभामुख पदको गरिमा र पदीय मर्यादा नचिनेका कोशी प्रदेशका सभामुख बाबुराम गौतमले कांग्रेसको लागि बद्नाम कमाएका छन । सत्तारुढ गठबन्धनले कोशी प्रदेशसभा सभामुख गौतमलाई पटकपटक बदनाम बनाएर राजीनामा गर्न लगाएको छ । प्रतिक्रियावादीले हिजोको क्रान्तिकारी कसरी कठपुतली बनाउन सकिन्छ भन्ने पात्र गौतम बनेका छन।सत्ता गठबन्धनले सभामुख पदलाई बाँदर नचाउने जस्तै बनाई दिएका छन ।आफ्नो स्वाभिमान नभएको र पदको मर्यादा कायम गर्न नसक्ने पात्रलाई प्रयोग गर्न खोज्दा व्यक्ति मात्र होइन प्रणालीप्रति प्रश्न उठाउने ठाउँ दिएको छ।

कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउन असार २१ गते सभामुखकै हैसियतमा हस्ताक्षर गरेका कारण सर्वोच्च अदालतमा मुद्दा पऱ्यो र सर्वोच्चले उनको समर्थन संविधान विपरीत ठहर गरेपछि गौतममाथि पदीय मर्यादा कायम गर्न नसकेको आरोप खेप्नुपरेको थियो। निष्पक्ष भूमिकामा रहनुपर्ने सभामुख सत्ताको जोडघटाउमा जोडिएपछि आलोचित बने । संसदीय मान्यता विपरीत पदको गरिमा राख्न नसकेको आरोप पनि लाग्यो। गल्तीबाट सिक्नुपर्ने हो ।सिक्ने मौका पाएका पनि हुन।पीँध विनाको लोटा भएका कारण थापालाई फेरि मुख्यमन्त्रीमा समर्थन गर्न गौतमले मंगलबार पदबाटै राजीनामा दिए।

सभामुखको समर्थनमा बनेको सरकारलाई सर्वोच्चले बदर गरिदिए पनि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सभामुख गौतमको राजीनामा मागेन । राजीनामा माग गर्दा अंकगणितमा आफैलाई अफठ्यारो पर्ने भएपछि सभामुखप्रति नेकपा एमाले मौन बसेको थियो । तर मुख्यमन्त्रीमा दाबी नपुग्ने भएपछि सत्ता गठबन्धनले गौतमलाई राजीनामा गर्न बाध्य बनायो । मंगलबार सञ्चारकर्मीसँग उनले इच्छा विपरीत राजनीतिक निकासका लागि राजीनामा दिनुपरेको बताए। सभामुख भइन्जेल कुनै ह्वीप लाग्दैन्थ्यो। उनको पद सुरक्षित रहने थियो। सभामुख पदलाई हेलचक्र्याईं गर्न हुदैन भन्ने पाठ सत्ताधारीले बुझ्ने थिए ।आफ्नो मनले नमानेको काम गर्नु आफैंलाई धोका दिनु हो ।

'प्रदेशको समग्र विकास र स्थायित्वका लागि सभामुखको राजीनामा उचित हो भन्नेमा म अहिले पनि छैन। मेरो प्रष्ट कुरा छ। मैले कसैसँग अप्ठेरो नमानी भन्न सक्ने कुरा त्यही नै हो', उनले भने, 'तर परिवेशले मलाई त्यहाँ पुऱ्यायो र मैले राजीनामा गर्नुपर्ने भयो । संघीयता चाहनेले केन्द्रको सत्ता स्वार्थका लागि प्रदेशलाई निर्णय लाद्नु संघीयताको खिलाफ हो। सभामुखको राजीनामा पछि नेकपा माओवादी केन्द्रभित्र असन्तुष्टि बढेको छ । सभामुखलाई राजीनामा गराएर आत्मघाती कदम चालेको नेकपा माओवादी केन्द्रका सांसदको आक्रोश छ।

नेपाली कांग्रेस नेतृत्वका कारण सभामुख बदनाम भएको माओवादीका असन्तुष्ट सांसदको गुनासो छ। उनीहरुले २१ असारमा सभामुखकै हैसियतमा छुट्टै हस्ताक्षर गर्न लगाउनु गल्ती गरेको छुट्टै हस्ताक्षर गर्न लगाएर सभामुखको बदनाम गराए, आज राजीनामा गर्न लगाइयो । केन्द्रमा प्रचण्डको सरकार जोगाउन तलका कार्यकर्ताले बलीदान दिनुपर्ने अवस्था शुरु भएको छ। सभामुख गौतमको राजीनामा पछि सत्तारुढ गठबन्धनसँग कांग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका ४ र जनता समाजवादी पार्टीका १ सहित ४७ मत पुऱ्याएर कांग्रेसका उद्धव थापा मुख्यमन्त्रीमा नियुक्त भए । विश्वासको मत लिने बेला के कस्ता हर्कत हुन्छन भन्ने छनक दिइसकेको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# बेनी-जोमसोम र बेनी-दरवाङ सडकमा पहिरोको जोखिम

**रासस**
म्याग्दी, १६ साउन

राष्ट्रिय गौरवको आयोजना मानिएको कालीगण्डकी करिडोरको बेनी-जोमसोम र म्याग्दीको 'लाइफ लाइन' भनिएको बेनी-दरवाङ सडकमा बर्खा लाग्नेबित्तिकै यात्रु र सवारीसाधनलाई सधैँ सास्ती हुने गरेको छ।

सामान्य वर्षा हुँदा पनि सडकमाथिबाट पहिरो खस्ने र सडक तलको जमिन लच्किने समस्याले यी दुई सडकमा यात्रा गर्ने यात्रु र चल्ने सवारीसाधन सधैँ जोखिममा पर्ने गरेका छन्। बाह्र वर्षअघि ट्र्याक खुलेको बेनी-जोमसोम सडक स्तरोन्नतिमा भएको ढिलाइ र कच्ची भूगोलका कारण हिउँदमा सुक्खा पहिरो र वर्षामा बाढीपहिराका कारण पटक-पटक सडक अवरुद्ध हुँदा यात्रुलाई सास्ती भएको हो । छयात्तर किलोमिटर दूरीको सडक स्तरोन्नतिका लागि सञ्चालित आयोजनाको ठेक्का अवधि लम्बिँदा पनि समस्या उत्पन्न भएको यातायात व्यवसायीको गुनासो छ । कालोपत्र गर्ने लक्ष्यसहित सञ्चालित आयोजनामा भएको ढिलाइले म्याग्दीको उत्तरी क्षेत्रका साथै मुस्ताङका बासिन्दा, पर्यटक र तीर्थयात्रीलाई सास्ती हुने गरेको छ। साँघुरो, जीर्ण, ग्रेड तथा घुम्ती नमिलेको सडकमा जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता छ। विभिन्न ठाउँमा पहिरो खसेर दैनिक तीन-चारपटक सडक अवरुद्ध हुन्छ । घन्टौँसम्म जाम हुँदा यात्रु समयमा गन्तव्यमा पुग्न सकेका छैनन्, ठाउँठाउँमा गाडी परिवर्तन गरेर गन्तव्यमा पुग्नुपरेको यात्रुको गुनासो छ । सडक विस्तारका क्रममा निस्किएको माटोको व्यवस्थापन नहुँदा कालीगण्डकीमा बाढी आएर तटीय बस्तीमा कटान गरेको छ । दानाको फगाम, गुइँठे र काभ्रेको बस्ती पहिराको जोखिममा परेको छ । बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे सडकमा सास्ती भएको सवारी चालक टेकबहादुर हर्मेलले बताउनुभयो । "जीर्ण र पहिराको जोखिमयुक्त सडकमा गाडी चलाउन जोखिम र सास्ती छ", उहाँले भन्नुभयो, "सामान्य अवस्था भए बेनीबाट चार घन्टा लाग्ने सडकमा वर्षामा त दुई दिनसम्म लाग्ने गर्छ।"

म्याग्दीका गलेश्वरबाट मुस्ताङको लेतेसम्मको सडक जोखिमयुक्त भएको यातायात व्यवसायी सुमन श्रेष्ठले जानकारी दिनुभयो । "यात्रु र गाडीको चाप बढे पनि सडकको अवस्था बेहाल छ", उहाँले भन्नुभयो। विसं २०७४ असारमा चारवटा प्याकेज (भाग)मा विभाजन गरिएको सडक स्तरोन्नतिका लागि विभिन्न कम्पनीले रु दुई अर्ब ५० करोडमा ठेक्का लिएका थिए।

गत शुक्रबारदेखि बेनी-जोमसोम सडकका विभिन्न खण्डमा पहिरो गएपछि यात्रु र यातायात व्यवसायीलाई समस्या भएको छ । म्याग्दीको वैंसरीबाट मुस्ताङको लेतेसम्म सात ठाउँमा पहिरो गएकाले यातायातका साधन अवरुद्ध हुने गरेका यातायात व्यवसायीले बताएका छन् । यसैगरी बेनी-दरबाङ सडकखण्डको अवस्था पनि अत्यन्त दयनीय छ। सडकको ट्र्याक खुलेको १८ वर्ष बितिसक्दा पनि पहिराको समस्या समाधान हुनसकेको छैन।

विसं २०६२ मा ट्र्याक खुल्नुअघिको पहिराको समस्या रहेको बेनी नगरपालिका र मङ्गला गाउँपालिकाको सिमानामा रहेको फापरखेतको सडकखण्ड अहिले सबैभन्दा बढी जोखिमयुक्त बनेको छ । पहिरो रोकथामका लागि दीर्घकालीन योजना नहुँदा यस खण्डमा बर्खायाममा सिधा यातायात सेवा प्रभावित हुने गरेको स्थानीय बताउँछन्। सामान्य वर्षा हुनेबित्तिकै खस्ने पहिराले सडक पुरिएर सवारी आवतजावत बन्द हुने गरेको यो सडकखण्डका सवारी चालक वीरबहादुर विकले बताउनुभयो।

ढुङ्गा खसिरहने साँघुरो सडकमा जोखिम मोलेर पहिरो पार गर्दै यात्रा गर्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ थियो । "वर्षापछि पाखोबाट बगेर आउने गेगर सडकमा थुप्रिँदा आवतजावत बन्द हुन्छ", उहाँले भन्नुभयो, "फापरखेतको पहिरो बेनी-दरबाङ सडकको दीर्घरोगजस्तो भएको छ ।" उहाँका अनुसार पहिराबाट खसेको ढुङ्गाले चोट लागेर सवारसाधनमा क्षति पुग्ने र यात्रु घाइते हुने गरेका छन्। जिल्लास्थित पूर्वाधार विकास कार्यालयले कालोपत्रसहित स्तरोन्नतिको आयोजना सञ्चालन गरेको २४ किलोमिटर दूरीको बेनी-दरबाङ सडकमा फापरखेतसहित तीन ठूलो पहिरो छन्। मङ्गला गाउँपालिका-२ को लाम्पाटाको पहिरो पछिल्लो पाँच वर्षयता रोकिएको छ । मालिका गाउँपालिकाको बाङ्गे पहिराले पनि बेलाबेलामा दुःख दिने गरेको स्थानीयले बताउँछन्।

पहिरो प्रभावित क्षेत्रमा स्तरोन्नतिको काम रोकिएको र यातायात अवरुद्ध हुन नदिन डोजर तैनाथ राखेर पहिरो खस्नेबित्तिकै पन्छाउने गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख गुरुदत्त अधिकारीले बताउनुभयो। "फापरखेत, लाम्पाटा र बाङ्गेको पहिरो नियन्त्रणका लागि बायोइन्जिनियरिङसहितको छुट्टै काम गर्नुपर्छ", उहाँले भन्नुभयो, "ठस्लो पहिरो भएकाले लगानी पनि बढी आवश्यक पर्छ।"

# एक दशकदेखि पुल अधुरै

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ साउन

निर्माण थालेको एक दशकमा पनि मुग्लिन नारायणगढ खण्डको वैकल्पिक मार्गका रूपमा विकास गर्न लागिएको बुद्धसिंह मार्गअन्तर्गत घुमाउनेमा निर्माण गर्न लागिएको पक्की पुल अधुरै छ । दश वर्षको अवधिमा ३५ प्रतिशत मात्र काम सकिएको छ।

तनहुँ र चितवन जोड्न त्रिशूली नदीमाथि घुमाउनेमा पुल निर्माण थालिएकामा दश वर्षको अवधिमा भौतिक प्रगति ३५ प्रतिशत मात्रै छ। एक सय पाँच मिटर लम्बाइ सिङ्गल आर्क ब्रिज निर्माणका लागि २०७० असार २८ गते मृत सञ्जीवनी निर्माण सेवा मकवानपुरसँग सम्झौता भएको थियो । सम्झौताअनुसार २०७३ असार ३० गते काम सम्पन्न हुनुपर्थ्यो।

तर चौथो पटक गरी २०८० असार ३० गतेसम्म म्याद थप गरिएको सडक डिभिजन कार्यालय तनहुँका इन्जिनियर विकास लागेले जानकारी दिनुभयो। सुरुमा स्टिल ट्रस पुल बनाउने भनेकामा सो बमोजिम पुल बनाउँदा नारायणगढ मुग्लिनखण्डमा खतरामा पर्ने भन्दै निर्माण व्यवसायीले डिजाइन परिवर्तन गरी आरसिसी आर्क ब्रिज बनाउन माग गरेका थिए । उक्त पुलको हालसम्म ३५ प्रतिशत भौतिक र ३४.३२ प्रतिशत वित्तीय प्रगति भएको छ । विसं २०७८ सालको बर्सात मौसममा त्रिशूली नदीमा आएको भेलले पुलको दुवै तर्फको पाँच सय ४० मध्ये दुई सय ५७ वटा डन्डी भाँचिएको कारण काममा ढिलाइ भएको इन्जिनियर लागेले बताउनुभयो । काममा ढिलाइ भएपछि निर्माण व्यवसायीलाई पटक पटक लिखित पत्राचार तथा मौखिक ताकेता गरिएको २०७९ असार १९ गते सूचना प्रकाशित गरी निर्माण व्यवसायीलाई सात दिनको म्याद राखेर स्पष्टीकरण सोधिएको थियो । तत्पश्चात् २०७९ असार २० गते सार्वजनिक खरिद नियमावली २०६४ (१२ औँ संशोधन) प्रकाशित भई सो अनुसार विसं २०८० असार ३० सम्म म्याद थप भएको थियो।

निर्माण व्यवसायीलाई बारम्बार ताकेता गर्दा पनि हेलचक्र्याइँ गरी साइटमा नआएकाले २०८० वैशाख १५ मा ठेक्का तोडी कालोसूचीमा किन नराख्ने भनी सात दिने म्याद दिई कार्यालयमा उपस्थित भई स्पष्टीकरण पेस गर्नका लागि पत्र पठाइएको थियो। तत्पश्चात् पनि चित्तबुझ्दो जवाफ नआएकाले विसं २०८० असार १३ गते ठेक्का किन नतोड्ने भनी सात दिनभित्र संशोधित कार्यतालिका, सोहीसँग मेल खाने भरपर्दो स्रोत परिचालन योजनासहितकार्यालयमाउपस्थिति हुन अन्तिम पटक अनुरोध गरिएको थियो।

सार्वजनिक खरिद नियमावली, २०६४ (१२औँ संशोधन) अनुसार म्याद थप भएको अवधिभित्र निर्माण कार्य सम्पन्न नभएको अवस्थामा सोही नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई ठेक्का कारबाही प्रक्रिया अगाडि बढाउने तयारी गरिएको छ । तनहुँको आँबुखैरेनी गाउँपालिका-५ र भरतपुर महानगरपालिका-२९ घुमाउने जोड्ने त्रिशूली नदीमाथिको घुमाउनेमा सम्झौताअनुसार काम भएको भए यतिबेला पक्की पुल बनिसक्थ्यो। उक्त पुलको निर्माण सम्पन्नपश्चात् पोखरा र दमौलीलाई नारायणगढ आउनजान हाल सञ्चालन भइरहेको मुग्लिङ-नारायणगढ सडकभन्दा २३ किलोमिटरको दूरी छोटो पर्छ।

घुमाउनेमा मोटरेवल पुल नहुँदा यातायातका साधन तनहुँकै सीमानामा पुगेर फर्कन बाध्य छन् । मोटरसाइकल भने दोहोऱ्याएर मुग्लिङ-नारायणगढ सडकखण्डसम्म ल्याउन सकिन्छ। पृथ्वीराजमार्गको विकल्पका रूपमा रहेको बुद्धसिंह मार्ग कालोपत्रका लागि काम गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि रु पाँच करोड बजेट विनियोजन गरेको छ । पोखरा-नारायणगढ सडकको विकल्पमा तयार गरिएको बुद्धसिंह मार्गको थप स्तरोन्नति र घुमाउनेमा पुल निर्माण सम्पन्न भएपछि यस क्षेत्रका नागरिकलाई चितवन र तराईका विभिन्न जिल्लामा जान समय बचत हुने बुद्धसिंह मार्ग उपभोक्ता समितिका पूर्वअध्यक्ष विश्व बास्तोलाको भनाइ छ।

तनहुँको दमौलीबाट घुमाउनेघाटसम्म नियमित रूपमा साना बसहरू तथा दुईपाङ्ग्रे सवारी साधन आउने जाने गरे पनि दुईपाङ्ग्रे सवारी साधन भने झोलुङ्गेपुल तरेर मुग्लिङ-नारायणगढ सडकमा निस्कन्छ भने बस तथा अन्य सवारी साधन भने पुलको अभावमा उतै रोकिन बाध्य छन्।

# खोलामा फोहोर फाल्नेलाई जरिवाना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ साउन

बेनी नगरपालिका-७ स्थित कालीगण्डकी र म्याग्दी नदी तथा सार्वजनिकस्थलमा फोहोर फाल्नेलाई जरिवाना तिराउन थालिएको छ।

सात नं वडा कार्यालयले वडा भेलाबाट भएको निर्णयअनुसार खोलामा फोहोर फाल्नेलाई जरिवाना तिराउने नियम बनाएको हो । जिल्ला सदरमुकाम रहेको बेनी बजारको उक्त वडा भएर बग्ने म्याग्दी र कालीगण्डकी नदीको दोभान पनि छ। धार्मिक एवम् पर्यटकीय महत्वको कालीगण्डकी र म्याग्दी नदीको जैविक विविधता संरक्षण एवम् प्रदूषण न्यूनीकरण गर्न फोहोर फाल्नेलाई जरिवाना तिराउने नियम बनाइएको वडाध्यक्ष रमेश श्रेष्ठले जानकारी दिनुभयो । "नगरपालिकाले घरघरमा गाडी पठाएर कुहिने र नकुहिने फोहोर विभाजन गरेर सङ्कलन गर्ने व्यवस्था मिलाए पनि अटेरी गरेर खोलामा फोहोर फाल्ने समस्या रहेकाले त्यसलाई हटाउन वडा भेलाबाट जरिवाना तिराउने नियम बनाएका हौ," उहाँले भन्नुभयो, "फोहोर फाल्ने व्यक्ति र सम्बन्धित घरधनीलाई जरिवाना तथा सूचना दिनेलाई पुरस्कारको व्यवस्था गरेका छौँ।"

फोहोर फाल्ने भाडावालालाई पहिलोपटक रु एक हजार र दोस्रो पटक रु दुई हजार, घरधनीलाई पहिलो पटक रु दुई हजार र दोस्रो पटक रु चार हजार जरिवाना तोकिएको छ । तेस्रो पटक पनि फोहोर फालेको भेटिएमा घरधनीलाई छ महिना वडाले दिने सुविधा रोक्का राख्ने नियम बनाएर बेनी बजारको सार्वजनिक स्थलमा टाँसिएको छ । सूचना दिने व्यक्तिलाई जरिवानाको ५० प्रतिशत रकम पुरस्कार दिने पनि व्यवस्था मिलाइएको छ।

हिन्दू धर्मावलम्बीहरूले भगवान् विष्णुका रूपमा पूजा गर्ने शालग्रामको शिला पाइने विश्वको एकमात्र कालीगण्डकी नदीमा सिधै फोहोर फालिँदा प्रदूषणको चपेटामा पर्दै आएको थियो । कालीगण्डकी नदीमा स्नान गर्ने भक्तजन तथा जलयात्रा गर्ने पर्यटकहरू फोहोर तथा प्रदूषणका कारण पीडित भएका थिए। वडा कार्यालयले बर्खामा कालीगण्डकी र म्याग्दी नदीले बगाएर ल्याउने दाउरा सङ्कलन गरी विपन्न परिवारको दाहसंस्कारमा निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छ।

यसैगरी कपडा बैंक पनि सञ्चालन गरिएको छ । प्रयोग गर्न योग्य तर लगाउन नचाहेको कपडा बजारवासीले बैंकमा लगेर जम्मा गर्छन्। विपन्न नागरिकले आवश्यक परेमा वडा कार्यालयमा सम्पर्क गरेर बैंकमा भएको कपडा लगेर प्रयोग गर्छन्। यस्तै धार्मिक र पौराणिक महत्वका चौतारी र पोखरी संरक्षण अभियान पनि सञ्चालन गरिएको छ।

# कांग्रेसको सङ्गठन सुदृढीकरण अभियानमा प्रतिनिधि खटाइयो

**रासस**
काठमाडौं, १६ साउन

नेपाली कांग्रेसले पार्टीको साङ्गठानिक सुदृढीकरणका लागि प्रतिनिधि खटाएको छ।

यही साउन २० देखि ३० गतेसम्म सञ्चालन हुने अभियानका लागि सह-महामन्त्री, केन्द्रीय सदस्यलाई ७७ जिल्लामा प्रतिनिध खटाइएको हो । कांग्रेसले पाँच जना केन्द्रीय सदस्यबाहेकलाई पनि जिल्लामा खटाएको छ भने प्रतिनिधि र प्रदेशसभाका सांसद बाहेकका केन्द्रीय सदस्यलाई जिम्मेवारी तोकिएको छ। पार्टीले अभियान अवधिमा केन्द्रीय सदस्यले गर्ने कामको कार्यादेश (टिओआर) पनि दिएको छ।

साउन १० मा सम्पन्न केन्द्रीय कार्यसमिति बैठकको निर्णयअनुसार पहिलो चरणको अभियानमा आन्तरिक कार्यमा केन्द्रीय सदस्यले जिम्मेवारी निर्वाह गर्नेछन्।

कोशी प्रदेशको ताप्लेजुङ-१ मा सुजनता परियार, पाँचथर-१ लक्ष्मी परियार, इलाम-२ डा डिला सङ्ग्रौला, मधेस प्रदेशको सप्तरी-४ मा आनन्दप्रसाद ढुङ्गाना र सिरहा-४ मा राजीव ढुङ्गानालगायत हुनुहुन्छ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०४/१६

यस कार्यालयबाट मिति २०६९/०५/१८ मा कास्की जिल्ला पोखरा ०१ मा संचालन गर्ने गरि पोखरा ०३ कास्की निवासी राजु सिंह ठकुरीको नाममा दर्ता भएको फर्म दर्ता नं. ६०४८/०६९/०७० को रितु पेन्ट्स नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०७९/१०/०१ मा मृत्यु भएको हुँदा निजको श्रीमती श्री सिता सिंह ठकुरीले मिति २०८०/०४/१६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार प्रोप्राईटरको श्रीमती श्री सिता संह ठकुरीको निवेदन अनुसार फर्म खारेज भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# दृष्टिविहीनको प्याराग्लाइडिङ अनुभव : 'सपना देख्न आँखा होइन, हिम्मत चाहिन्छ, त्यो कहिल्यै अपाङ्गता हुँदैन'

**–कृष्ण दबाडी**
कास्की, १६ साउन (रासस)

साहसिक खेल प्याराग्लाइडिङ गरेर फेवाताल किनारमा उत्रिएपछि सुनिता दबाडीमा खुसीको सीमा थिएन। पहिलोपटक जीवनमा सोमबार दिउँसो प्याराग्लाइडिङ गरेको अनुभव उहाँले शब्दमा व्यक्त गर्न सकिरहनुभएको थिएन।

शारीरिकरूपमा दृष्टिविहीन सुनिता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा टेलिफोन 'अपरेटर'को काम गर्नुहुन्छ। 'ब्लाइन्ड रक' संस्थाको सदस्यसमेत रहनुभएकी उहाँ प्याराग्लाइडिङको अनुभवका लागि आइतबार दिउँसो पोखरा आउनुभएको थियो । पोखरा आएसँगै उहाँमा प्याराग्लाइडिङ गर्न मौसमले साथ देला कि नदेला भन्ने चिन्ता थियो । जब बिहान उहाँ 'टेकअफ'का लागि मान्द्रेढुङ्गा पुग्नुभयो, उहाँले त्यसपछि आफ्नो खुसी थाम्न सक्नुभएन । "प्याराग्लाइडिङमा उड्ने पहिलादेखिकै योजना थियो । कहिले उड्न पाइएला भन्ने लागेको थियो । जाने बेला सहज हुन्छ कि भन्न भनेर मनमा लागिरहेको थियो", उहाँले भन्नुभयो, "उडेर हावाको प्रेसरले माथि माथि जाँदा, दिशा परिर्वतन भएको अनुभव गर्न पाइयो । एकदमै रमाइलो लाग्यो ।"

पोखराको आकाशमा सुनिताजस्तै सोमबार दुई विदेशीसहित १० दृष्टिविहीनले हावामा कावा खाँदै प्याराग्लाइडिङ गर्नुभयो । साहसिक खेल प्याराग्लाइडिङ गर्न जो-कोही तत्कालै तयार हुँदैनन् । यसका लागि साहस चाहिन्छ, तर शारीरिकरूपमा फरक क्षमता भएका दृष्टिविहीनले समेत साहसिक खेलकुदको मज्जा लिए । दृष्टिविहीनलाई प्याराग्लाइडिङको अवसर भने 'ब्लाइन्ड रक्स' संस्थाले मिलाएको थियो। प्याराइलाइडिङ गर्नेहरु एक-दुई जनाबाहेक सबैको पहिलो अनुभव थियो ।

बाग्लुङकी चाँदनी शर्मा पोखराको पृथ्वीनारायण क्याम्पसमा अध्ययन गर्नुहुन्छ । उहाँ समेत प्याराग्लाइडिङ गरेपछि उत्साहित हुनुहुन्थ्यो । उहाँले कहिल्यै पनि हावामा कावा खाँदै रमाउने कल्पनासमेत गर्नुभएको थिएन । उहाँको भन्नुभयो, "आकाशमा उड्ने कहिल्यै कल्पनासमेत गरेकी थिइनँ, नयाँ अनुभव हासिल भयो, मनमा खुसीको सीमा नै छैन।" चाँदनीले दृष्टीविहीनलाई प्याराग्लाइडिङ गराउने भन्ने केही दिनदेखि नै थाहा पाउनुभएको थियो । तर आफूले पाउँछु कि पाउँदिन भन्ने उहाँलाई थाहा थिएन। अघिल्लो दिनमात्र गर्न पाउने भन्ने उहाँले जानकारी पाउनुभयो । उहाँले भन्नुभयो, "मैले गर्ने भनेर सृष्टि दिदीबाट अघिल्लो दिनमात्र थाहा भयो । आकाशमा उड्ने भनेपछि कस्तो हुने, आकाशमा कस्तो हुन्छ होला भन्ने थियो । तर उडिसकेपछि सबै अनुभव गर्न पाइयो ।"

ब्लाइन्ड रक संस्थाका संस्थापक अध्यक्ष सृष्टि केसीको प्याराग्लाइडिङको दोस्रो अनुभव थियो । उहाँले नै यस कार्यको अग्रसरता लिनुभयो र आफ्ना साथीहरूलाई अवसर प्रदान गर्नुभएको थियो । सफलतामा पुग्न अपाङ्गता र दृष्टिविहीनताले छेक्दैन भन्ने सन्देश प्रवाह गर्न 'इन्क्लुसिभ प्याराग्लाइडिङ' गराइएको केसीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो समावेशी पर्यटन प्रवर्द्धन हो । यसबाट सफलतामा पुग्न अपाङ्गता र दृष्टिविहीनताले छैक्दन भन्ने सन्देश दिएको छ। जीवनमा उचाइमा पुग्न सफलता प्राप्त गर्न दृष्टिविहीनतामा सीमित हुन जरुरी छैन । त्यो भन्दा माथि उठ्न सक्छौँ, उड्न सक्छौँ ।"

उहाँको प्याराग्लाइडिङको अनुभवन पनि रोमाञ्चक छ । बादलभित्र हराउँदाको खुसी उहाँले शब्दमा व्यक्त गर्न सक्नुहुँदैन । उहाँले भन्नुभयो, "मेरो पाइलटले बादल छुहाउन लैजानुभयो । बादलमाथि पुग्ने उचाइमा पुग्ने सपना पूरा भएको छ, म बादललाई स्पर्श गरिरहेकी थिएँ । बादलभित्र हराउँदाको खुसीले मनमा छुट्टै उत्साह र ऊर्जा मिल्यो । जीवनमा सपना देख्न आँखा होइन, हिम्मत र आत्मबल चाहिन्छ र त्यो कहिल्यै पनि अपाङ्गता हुँदैन ।"

प्याराग्लाइडिङ पाइलट राम गौतम दृष्टिविहीनलाई उडाएको आफ्नो पहिलो अनुभव रहेको बताउनुभयो । अन्य सामान्य नागरिकले आफैँले देखेर आनन्दित हुने खुसीमा रमाउने गरे पनि दृष्टिविहीनलाई पाइलटले वर्णन गरिदिँदा उहाँहरूमा समेत अन्य नागरिकसरह उत्साहित भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सामान्य नागरिक उडान भर्दा हिमाल, ताल, डाँडाकाँडा देखेर रमाउनुहुन्छ । दृष्टिविहीनलाई हामीले तपाईँ तालमाथि हुनुहुन्छ, बादलभित्र हुनुहुन्छ भनेर वर्णन गर्छौँ, यसो भन्दा उहाँहरूसमेत उत्साहित हुनुहुन्छ ।"

# राष्ट्रिय गौरवका आयोजना: वर्षौं बित्दा पनि सम्पन्न हुँदैन काम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

बागलुङ तीन मुख्य राजमार्गले जोडिएको छ । पूर्व-पश्चिम जोड्ने मध्यपहाडी लोकमार्ग, चीन-भारत जोड्ने कालीगण्डकी करिडोर र तराई-पहाड जोड्ने सालभ्कण्डी-ढोरपाटन सडकले जिल्लाका अधिकांश पालिका जोडिन्छन् । बरेङ , ताराखोला र तमानखोलाबाहेक सात गाउँपालिकामा यी मुख्य सडक पुगेका छन्। तर मध्यपहाडी लोकमार्गबाहेक अन्य सडकमा गाडी कम गुड्छन् । अर्बौं लगानीमा निर्माण भएका कालीगण्डकी करिडोर र सालभ्कण्डी-ढोरपाटन सडक अहिलेसम्म पनि पूर्णरूपमा स्तरोन्नति हुनसकेका छैनन् ।

स्तरोन्नति नभएका सडकमा जोखिम मोलेर कसैले पनि यात्रा गर्दैन । मध्यपहाडी लोकमार्गले बागलुङको पूर्वी सिमाना मालढुङ्गाबाट पश्चिम सिमाना पातीहाल्नेसम्म जोडिएको छ । यस सडकमा बाह्रै महिना देशको राजधानी काठमाडौँलगायतका ठूला सहरबाट यातायात सञ्चालन हुन्छ । यस सडकले जिल्लाको बागलुङ नगरपालिका, ढोरपाटन, गलकोट नपा, काठेखोला, बडिगाड र निसीखोला गाउँपालिका गरी छवटा पालिका जोडिएको छ । उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरले जैमिनी नपा र बागलुङ नपा जोडिएको छ। यो सडकमा स्थानीय गाडीमात्रै चल्छन् । ठूला सहरबाट गाडी आउँदैनन् ।

सालभ्कण्डी-ढोरपाटन सडकले निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिका जोडिन्छ । यस सडकमा पनि ठूला सहरबाट गाडी सञ्चालन भएका छैनन् । मध्यपहाडी लोकमार्गको अब करिब १२-१४ किलोमिटर सडक कालोपत्र हुन बाँकी छ भने सालभ्कण्डी-ढोरपाटन स्तरोन्नतिका लागि सरकारले रु ६२ करोड विनियोजन गरे पनि अहिलेसम्म निर्माण कम्पनीले काम गरेको छैन । नेपालको एकमात्रै सिकार आरक्षण ढोरपाटन जोड्ने सडकको दुरावस्था छ । कालीगण्डकी करिडोरको बागलुङ खण्डअन्तर्गत करिब ३२ किलोमिटर पर्छ । अहिले यस खण्डमा काम भइरहेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो ।

उहाँले राष्ट्रको गौरवको आयोजनाका काम तीव्रगतिमा नहुँदा हजारौँ नागरिकले समस्या भोग्नुपरेको बताउनुभयो । विसं २०७३ मा खुलेको करिडोरको ट्र्याक अहिले बल्ल स्तरोन्नति हुन थालेको छ । समयमा योजनाको काम नसकिँदा व्यापारिक केन्द्रबाट चल्नुपर्ने गाडी चल्न नसकेको उहाँको भनाइ छ । कालीगण्डाकी करिडोर कालोपत्र भएर निरन्तर सञ्चालनमा आए बागलुङबाट बुटवल पुग्न भ्कन्डै दुई घन्टाको दूरी छोटिने उहाँले बताउनुभयो । "करिडोर दुई-तीन देशमात्रै जोड्ने सडक नभएर व्यापारिक सडक पनि हो, यो सडक सञ्चालनमा आए भारतबाट सिधै बागलुङमा सामान ढवानी गर्न सकिन्थ्यो, बुटवल, भैरवहालगायत तराईका व्यापारिक केन्द्रमा पुग्न पोखरा पुग्नुपर्ने थिएन", उपप्रमुख शर्माले भन्नुभयो, "करिडोर हुँदै बुटवल पुग्न पोखराबाट भन्दा यताबाट भ्कन्डै दुई घन्टा छोटो हुन्छ, अहिले काम भइरहेको छ, निरन्तर यातायात सञ्चालन हुन थाल्यो भने यो सडकले बागलुङको मुहार फेर्ने छ ।"

मध्यपहाडी लोकमार्ग बागलुङ खण्डमा एक सय ४२ किलोमिटर पर्छ । त्यसमध्ये अधिकांश क्षेत्रमा कालोपत्र भए पनि काठेखोला खण्डमा काम हुनसकेको छैन । ट्र्याक खुलेको साढे दुई दशक बढी हुँदा पनि सडक स्तरोन्नति हुन नसक्दा लोकमार्गमा यात्रा गर्ने हजारौँ यात्रुले सास्ती खेप्नुपरेको काठेखोलाका अध्यक्ष राजु थापाले बताउनुभयो । यो सडकमा हरेक दिन दर्जनौँ साना-ठूला गाडी गुड्ने गरेको भन्दै सडक साँघुरो र अप्ठ्यारो हुँदा दुर्घटना जोखिम पनि उत्तिकै बढेको उहाँको भनाइ थियो ।

सालभ्कण्डी-ढोरपाटन सडक बागलुङ खण्डमा गङ्गरेबाट ढोरपाटनसम्म ६१ किलोमिटर पर्छ । गुल्मी खण्डमा कालोपत्र गर्ने ठेक्का लगाइएको छ भने अर्घाखाँची खण्डमा १३ किलोटिर कालोपत्र भएको छ । यस सडकलाई यस वर्ष रु ४० करोड विनियोजन भएको थियो । ढोरपाटन नपाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले घरै अगाडि सडक भए पनि स्थानीयले सहजरूपमा प्रयोग गर्न नपाएको बताउनुभयो । ढोरपाटन प्राकृतिकरूपले सम्पन्न भए पनि सडकका कारण पर्यटकले सास्ती खेप्नुपरेको उहाँले बताउनुभयो ।

उहाँले निर्माण कम्पनी र आयोजना कार्यालयलाई काम तीव्रगतिमा अगाडि बढाउन आग्रह गरे पनि सुनुवाइ नभएको बताउनुभयो । केन्द्रीय आयोजना हुँदा नगरपालिकाले काम गर्न नसकेको भन्दै सडकलाई सहज नबनाएसम्म नागरिकले दुःख पाइराख्ने उहाँको भनाइ छ । हिउँदमा धुलो र बर्खामा हिलोले आजित हुनुका साथै साँघुरो सडक हुँदा यात्रा जोखिमपूर्ण हुने गरेको उहाँले बताउनुभयो ।

"दिनदिनै ढोरपाटनमा पर्यटक आउने गर्छन्, सडकको अवस्था देखेर निरास भएर फर्किन्छन्, निर्माण कम्पनीले समयमै काम नगर्दा यसको असर स्थानीय र पर्यटकलाई परेको छ", उहाँले भन्नभयो, "हामीहरू भन्दाभन्दा हैरान भयौँ, जनताले नगरपालिकाले सडक बनाएन भन्छन्, यो सडक बनाउने अधिकार हामीलाई छैन, पर्यटकीय गन्तव्यका रूपमा उत्कृष्ट रहेको ढोरपाटन सडकका कारण पछाडि परेको छ ।"

# फराकिलो बनाइँदै नगरका मुकाम

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ साउन

नगरका मुकाम रहेका बजार क्षेत्रको सडक फराकिलो बनाउन बागलुङ र जैमिनी नगरपालिकाले सक्रियता बढाएका छन् । जिल्ला सदरमुकामसमेत रहेको बागलुङ बजारमा नगरपालिकाले सडकको क्षेत्राधिकारभित्र रहेका संरचना हटाउन सार्वजनिक सूचना गरेको हो ।

जैमिनी नगरपालिकाले गत आर्थिक वर्षमै पालिका मुकाम रहेको कुश्मीशेरा बजारका दर्जनौँ कच्ची तथा पक्की संरचना भत्काएको थियो ।

बागलुङ नगरपालिकाले पनि सोमबार अन्तिम पटकको सूचना भन्दै साउन मसान्तसम्म सडक मापदण्डमा पर्ने संरचना हटाउन भनेको छ । संरचनाहरू तोकिएको समयमा नहटाएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४५ को उपदफा ४ बमोजिम भदौ १ गतेदेखि नगरपालिकाले नै हटाउने उल्लेख गरिएको छ ।

सडक क्षेत्राधिकारभित्र बने/बनाइएका घर, टहरा, पर्खाल, ट्रस, छाना, रेलिङ, अव्यवस्थितरूपमा टिकट काउन्टरलगायत अन्य स-साना व्यवसाय गर्ने टङ्कीजस्ता संरचनाहरू तथा सडकमा राखिएका निर्माण सामग्रीहरू रड, सिमेन्ट, साइनबोर्ड हटाउन नगरले अनुरोध गर्दै आएको हो ।

सडकमै बनेका संरचनाका कारण पैदल यात्रु र सवारी साधनसमेतलाई असहज भएको, वातावरण तथा नगरको सौन्दर्यमा समेत प्रतिकूल असर पुऱ्याएको सूचनामा उल्लेख छ ।

सडक क्षेत्राधिकार भित्रका त्यस्ता संरचना हटाएर सहरी सौन्दर्यकरणलाई दिगोरूपमा व्यवस्थापन गरी सफा, सुन्दर र हराभरा नगर निर्माणको अभियानमा सहयोग गर्न नगरवासीलाई अनुरोध गरिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो। उक्त नगरपालिकाले यसभन्दा अघि ९० दिनको म्याद राखी सूचना प्रकाशन गरे पनि त्यस्ता संरचना नहटाइएपछि अन्तिम पटक भन्दै पुनः सूचना निकालेको हो ।

जैमिनी नगरपालिकाले पनि पटक पटक सूचना गरेर सडक मापदण्डमा पर्ने संरचना हटाएको छ । उक्त नगरपालिकाको कुश्मीशेरा बजारका अधिकांश संरचना स्थानीय आफैँले हटाएको थियो । "हाम्रो बजार क्षेत्रका अधिकांश कच्ची तथा पक्की घर मापदण्ड कार्यान्वयनको मारमा परे, केही घर त पुनः प्रयोग गर्न नमिल्ने गरी फालिएका छन्", वडानं १ कुश्मीशेराका अध्यक्ष विष्णु आचार्यले भन्नुभयो, "पालिका मुकाम भएकाले कुश्मीशेरा बजारबाटै सडक मापदण्ड कायम गराउने काम सुरु भएको हो ।" नगरपालिकाले मुकामको मूल सडक आठ मिटर र भित्री सडक छ मिटर कायम हुनुपर्ने मापदण्ड बनाएको छ। कुश्मीशेरा बजारवासीले आफ्नै सक्रियतामा अधिकांश संरचना हटाएकाले नगरपालिकाले संरचना भत्काउन नपरेको उहाँले बताउनुभयो ।

बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाले साँघुरा सडकका कारण दुर्घटनाको जोखिम बढेको भन्दै पटक-पटक सडकपेटीमा कुनै पनि व्यावसायिक सामग्री नराख्न आग्रहसमेत गर्दै आएका थिए । कुश्मीशेरा बजारमा कार्यान्वयन भएको नगरको निर्देशन बागलुङ बजारमा भने अटेरी भएपछि पछिल्लो साता नगरपालिकाले सडक नै कब्जा गर्नेगरी राखिएका सामग्री जफतसमेत गरेको थियो ।

# भानुभक्त प्राणी उद्यानबाट प्रभावितले पाएनन् मुआब्जा

**पोखरापत्र संवाददाता**
तनहु, १६ साउन


भानुभक्त प्राणी उद्यानबाट प्रभावित स्थानीयवासीले करिब तीन वर्ष बित्नै लाग्दा पनि मुआब्जाबापतको रकम पाउन सकेका छैनन् ।

व्यास नगरपालिकाको वडा नं ११ र १२ तथा भानु नगरपालिकाका वडा नं ५ र ६ क्षेत्रका एक सय ४२ जनाले मुआब्जा रकम पाउन नसकेका हुन् । जग्गाधनी र घरटहराका लागि गरी कूल रु ४६ करोड ५२ लाख एक हजार सात सय ३० मुआब्जा वितरण गर्नुपर्ने देखिएको भानुभक्त प्राणी उद्यान कार्यालय तनहुँले जनाएको छ ।

समयमा मुआब्जा पाउन नसक्दा कतिपय स्थानीय बासिन्दा घरवारविहीन भएर सडकमा आउनुपर्ने स्थितिमा पुगेको जग्गाधनी समन्वय समितिका संयोजक हर्कबहादुर कार्कीले जानकारी दिनुभयो । भानुभक्त प्राणी उद्यान स्थापना भई पूर्वाधार निर्माण कार्यले धेरै गति लिइसक्दासमेत सम्बन्धित जग्गाधनीले मुआब्जा पाउन नसक्दा कठिनाइ भोग्नुपरेको जग्गाधनीको गुनासो छ ।

राज्यका सम्बन्धित निकाय वन मन्त्रालय, अर्थ मन्त्रालय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलगायत प्रधानमन्त्री, राष्ट्रपतिसमक्ष पुगेर मुआब्जाका लागि अनुरोध गर्दा पनि कुनै सुनुवाइ नभएको सङ्घर्ष समितिका संयोजक प्रकाश मल्लले जानकारी दिनुभयो ।

विसं २०७७ पुस ७ गते गठित मुआब्जा मूल्याङ्कन उपसमितिले विस्तृत अध्ययन गरी जग्गाको किसिमअनुसारको मूल्य सिफारिससहितको प्रतिवेदन विसं २०७८ वैशाख १ गते जिल्ला मुआब्जा निर्धारण समितिमा पेश गरेको थियो । विसं २०७८ पुस २० गते राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बबरमहललाई जिल्ला मुआब्जा मूल्याङ्कन निर्धारण समितिले मूल्य निर्धारण गरेको दररेटसहित पेश गरिसकेको कार्यालय प्रमुख संरक्षण अधिकृत भोजराज पन्थले जानकारी दिनुभयो । 'मुआब्जा दिने विषयमा जिल्लाबाट टुङ्ग्याएर पठाइएको छ', उहाँले भन्नुभयो, 'अर्थ मन्त्रालयबाट बजेट निकासा नभएका कारण मुआब्जा वितरण गर्न नसकिएको हो ।' भानुभक्त प्राणी उद्यान क्षेत्रभित्र पर्ने चार सय २५ हेक्टर क्षेत्रफल भूभाग समेटिई तारबार लगाएर संरक्षण गर्ने कार्य थालिएको उहाँले बताउनुभयो । विसं २०७३ माघ २० गतेको मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार विसं ०७४ वैशाख १८ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी भानुभक्त प्राणी उद्यानको घोषणा गरी प्रक्रिया अघि बढाइएको हो । पर्या-पर्यटन प्रवर्द्धन गरी स्थानीय जनताको जीवनस्तर वृद्धि गर्न, घाइते तथा टुहुरा वन्यजन्तुको उद्धार तथा व्यवस्थापन, नेपालका रैथाने र गैररैथाने वन्यजन्तुको संरक्षण, वन्यजन्तुको वैज्ञानिक अध्ययन अनुसन्धान गर्नेलगायतका उद्देश्यका साथ प्राणी उद्यान स्थापना गरिएको हो । प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले जिल्लाबाट मुआब्जा निर्धारण गरी मन्त्रालयमा पठाइसकिएको र मन्त्रालयबाट बजेट निकासा नहुँदा वितरण गर्न नसकिएको बताउनुभयो । 'जिल्ला प्रशासन कार्यालयबाट गर्नुपर्ने कुनै पनि कार्य रोकिएको छैन', उहाँले भन्नुभयो, 'जिल्ला मुआब्जा निर्धारण समितिले निर्णय गरेर पठाएको छ, मन्त्रालयबाट बजेट आउने बित्तिकै मुआब्जा पाउने छन् ।



विश्वकर्मा समाज
पर्वत, स्याङ्जा, कास्की
पोखरा-१७, कास्की
जि.प्र.का. कास्की
द.नं.: ४६६१
पत्र संख्या :
चलानी नं. : ०४/०८०/०८१
मिति : २०८०/०४/१६

विश्वकर्मा समाज (पर्वत, स्याङ्जा, कास्की) द्वारा बझाङ घटनाका बारे वितरित
प्रेस विज्ञप्ति

बझाङ जिल्ला बित्थडचिर गाउँपालिका वडा नं. ७ स्यालडुङ्गा स्थितको बाहुन गाउँ बस्ती नजिकै रहेको आफ्नो जग्गामा धामीगाउँका पुड्के विश्वकर्मा ओखेडाले घर निर्माण गरी काम अगाडि बढाइरहेको अवस्थामा २०८०।०४।१० गतेका दिन स्थानिय बाहुन जातिका व्यक्तिहरुले हुलसहित आएर बाहुनको घरमाथि तैले घर बनाउने भन्दै गाली गलौज डर धम्की दिई निर्माण भइरहेको घर भत्काई दिएका छन् । घरसँगै बारीका बालीहरु नष्ट गरिदिएका छन् ।

नेपालको संविधानले घर जग्गा, जमिन जोड्न पाउने, सम्पत्ति कमाउन र संरक्षण गरी राख्न पाउने हकको सुनिश्चितता गरेको छ । मौलिक अधिकार, मानव अधिकार, विश्वव्यापी मूल्य मान्यतालाई अंगिकार गरेको गणतान्त्रिक संविधानको खिल्ली उडाइएको छ । थप चुनौति दिएको छ । समतामूलक समाज निर्माण गर्ने हाम्रो लक्ष्यमाथि तुषारापात भएको छ ।

विश्वकर्मा समाज यस्ता निन्दनीय अपराधिक गतिविधिको खुलेर विरोध गर्दछ । आवश्यक परे शक्ति संघर्ष गर्न तयार छ । यसर्थ यस घटनाका पीडकहरु भवानी जोशी, कृष्ण जोशी, किन्थे जोशी लगायत अपराधमा संलग्न सबैलाई चाँडोभन्दा चाँडो कडाभन्दा कडा कारवाहीको दायरामा ल्याई मानव अधिकारको हनन र जातिय छुवाछुत अपराध, सार्वजनिक अपराध लगायत क्षतिपूर्तिको व्यवस्था गरी पीडितलाई राहत दिन सरकार समक्ष अनुरोध गर्दछौं ।

अन्यथा देशभरका विश्वकर्माहरु सहित सम्पूर्ण उत्पीडित जातिहरुले एकताबद्ध भई मानव मर्यादाका लागि सडकमा उत्रिने र आन्दोलनको बिगुल फुक्ने जानकारी सम्बन्धित निकायमा गर्दछौं ।

सचिव
खड्क बहादुर सुनार

अध्यक्ष
चन्द्र किशोर गौतम